आज मिति २०८२/०१/०९ गते यस नगरपालिका वडा नं १ स्थित हाडेबाट सिचाई योजना (संघीय सरकार शसर्त अनुदान) अनुगमन समितिका संयोजक श्री चन्द्र बहादुर थापा ज्यू, जिल्ला समन्वय समितिका सदस्य श्री खडक वि.सी. ज्यू, अनुगमन समितिका सदस्य श्री प्रेम बहादुर खत्री ज्यू, वडा नं १ का वडा अध्यक्ष श्री राम बहादुर बुढा ज्यू, यस नगरपालिकाका ईन्जिनियर श्री प्रेम प्रकाश खत्री, योजना अनुगमन समितिका सदस्य सचीव श्री प्रेम बहादुर शाही, रोजगार संयोजक श्री धन बहादुर रावत लगायतले स्थानीय लाभग्राहीको रोवरमा सो योजनको स्थलगत नापचाँच सहित संयुक्त अनुगमन गरियो।

❖ **आयोजना संग सम्बन्धित अनुगमन समितिले दिएका संयुक्त सुझाव/अपेक्षाहरु**

१) सो सिचाई उपभोक्ता समिति आयोजना बाट वडा नं १ का स्वडारी, हाडेबाट अन्तर्गतका १०९ घरधुरीको २४७ रोपनी जमिनमा सिचाई सुविधा उपलब्ध हुने र उपरोक्त बस्तिका आर्थिक, सामाजिक अवस्थामा सुधार हुने अपेक्षा गरिएको छ।

२) एक वटा पिलर सहितको क्यानल नहर Structure निर्माण भएकाले दिगो विकासको अवधारण अनुरुप मर्मत सम्मार कोष स्थापना गरि नियमित संचालनमा जोड गर्नुपर्ने देखिन्छ।

३) यो आयोजना नयाँ निर्माणका अतिरिक्त सिचाई सुदृढिकरण आयोजनको रुपमा विकास भएको र थप सुदृढिकरण योजनको लागी वजेट र कार्यक्रम आवश्यक छ। त्यसको लागी दिर्घकालीन योजना हुन आवश्यक छ।

४) विगत वर्षहरु देखी संचालनमा रहेको यो आयोजनको DPR निर्माणको खाँचो छ।

५) अन्तमा, एउटै मन्त्रालय खास गरि कर्णाली सिचाई तथा नदि नियन्त्रण र आयोजना इकाई जाजरकोट छेडागाड नगरपपालिकामा वित्तिय हस्तान्त्रण कार्यक्रम मार्फत कार्यान्वयन हुने आयोजनामा पालिका अन्तर्गत बाट एउटा चौर खोलामा १७ मिटर लामो ब्रिज र क्यानल तथा १८० मिटर लामो नहर निर्माण भएकोले प्राविधिक रुपले सन्तोषजनक काम भएको देखिन्छ। आ.व.२०८१/०८२ मा आवश्यक वजेट ब्यवस्थापनका लागी पहल गर्नुहुने छेडागाड नगरपालिका परिवार, संघीय सरकार लगायत थप समन्वय सहकार्य र प्राविधिक राय सुझाव पेश गर्नुहुने ईन्जिनियर र स्थानीय जनप्रतिनिधि तथा जागरुक उपभोक्ता सबैमा सह धन्यवाद ज्ञापन गर्दछौँ।

**चन्द्र बहादुर थापा**
**अनुगमन समिति संयोजक**

अनुगमनका क्रममा लिएका केही तस्विरहरु















